# मर्स्याङ्दी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

मर्स्याङ्दी गाउँपालिका बाल कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८२

पारित मितिः २०८२/१२/२३

# मर्स्याङ्दी गाउँपालिका बाल कोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८२

प्रस्तावनाः

मर्स्याङ्दी गाउँपालिकामा रहेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग तथा पीडित बालबालिकाहरुलाई उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार तथा मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनका लागि एक बाल कोष स्थापना गर्न वाञ्छनीय देखिएकाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम मर्स्याङ्दी गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधिको नाम मर्स्याङ्दी गाउँपालिका बाल कोष स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ रहेको छ ।

२) यो कार्यविधि गाउँपालिकाभर तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यालय" भन्नाले मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख. "कार्यपालिका" भन्नाले मर्स्याङ्दी गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग. "गाउँसभा" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

घ. "बालबालिका" भन्नाले बाल अधिकार ऐन, २०७५ बमोजिम अठार बर्ष उमेर नपुगेका बालबालिकालाई सम्झनु पर्दछ ।

ङ. "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले बाल अधिकार ऐन, २०७५ को परिच्छेद ५ को उपदफा १ बमोजिमका बालबालिकालाई सम्झनु पर्दछ ।

च. "कोष" भन्नाले नियम ३ बमोजिमको मर्स्याङ्दी गाउँपालिका बाल कोष सम्झनु पर्दछ ।

छ. "सञ्चालक समिति" भन्नाले नियम ८ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ ।

ज. "हिंसा" भन्नाले सार्वजनिक स्थल, विद्यालय, घलपरिवार अन्य स्थानमा हुने दुर्व्यवहार सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसा सम्झनु पर्दछ ।

**३. कोषको स्थापनाः**

१) मर्स्याङ्दी गाउँपालिकामा बाल कोष नामको एक कोष स्थापना गरिने छ । जसमा देहाय बमोजिमका रकमहरु रहनेछन्:

क) संघ वा प्रदेशबाट प्राप्त रकम,

ख) मर्स्याङ्दी गाउँपालिकाबाट प्राप्त रकम,

अर्जुन गुरुङ
अध्यक्ष

ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

घ) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त व्याज रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नियम ३(घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमती लिनु पर्नेछ ।

४. **कोषमा रकम जम्मा गर्ने:** बालबालिकाको हकहित संरक्षणका लागि गाउँपालिकाले वार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

५. **कोषको उपयोग:** विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुका लागि

१) कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछ:

क) तत्काल उद्धार, राहत, पुर्नस्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउन,

ख) विद्यालय र औषधी उपचारमा सहयोग गर्न,

ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

घ) बालबालिकाको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

२) उपनियम (१) मा जस्तोसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले कुनै पनि बालबालिका तथा किशोर किशोरी विभिन्न प्रकारको हिसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** (१) कोषको रकम नियम (५) मा लेखिए वाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **कार्यालयलाई रकम उपलब्ध गराउने:** पिडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकासा दिनेछ ।

८. **सञ्चालक समितिको गठन:**

१. कोषको सञ्चालन, व्यवस्थापन तथा राहत वितरण गर्ने काम समेतका लागि देहाय बमोजिमको सञ्चालक समिति रहनेछ:

| | |
|---|---|
| क) गाउँपालिका उपाध्यक्ष | अध्यक्ष |
| ख) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |



अर्जुन गुरुङ
अध्यक्ष

ङ) अध्यक्षले तोकेको गाउँसभा सदस्य महिला एक जना — सदस्य

च) गाउँपालिका स्तरिय बालसञ्जाल अध्यक्ष — सदस्य

छ) महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य सचिव

२. आवश्यकता अनुसार समितिको बैठकमा सम्बन्धित विषयका विज्ञ तथा सरोकारवाला महानुभावहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

३. सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. सञ्चालक समितिको काम, कर्तब्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) विशेष संरक्षण आवश्यक भएका बालबालिकाहरुलाई संरक्षण गर्ने,

ख) अभिभावक विहिन बालबालिका, हिंसा पिडित बालबालिका, सडक बालबालिकाहरुलाई औषधि उपचार गर्न तथा तत्काल उद्धार गर्न आवश्यक सहयोग उपलब्ध गराउने,

ग) कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न आवश्यक परेमा सोको व्यवस्था मिलाउने,

घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने, गराउने,

ङ) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु विच समन्वय गर्ने,

च) बालबालिकाको अधिकार सुनिश्चित गर्नको लागि स्थानीयस्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने,

छ) बालबालिकाको संरक्षणको निम्ति अन्य आवश्यक कार्य गर्ने।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधारः**

१) यस कार्यविधि बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकम नबढ्ने गरी उपलब्ध गराईनेछ ।

क) अभिभावक विहिन तथा विपन्न बालबालिकाहरुलाई वडाको सिफारिस अनुसार शिक्षा र स्वास्थ्य उपचारका लगि बढिमा रु. ५,००० (पाँच हजार रुपौंया) सम्म,

ख) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि रु. ५००० (पाँच हजार रुपौंया) नबढ्ने गरी लागेको यथार्थ खर्च,

ग) पुनर्स्थापनाको लागि बढिमा रु. १०,००० (दश हजार रुपौंया),

घ) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरि बढीमा रु. २०,००० (बिस हजार रुपौंया) सम्म ।



अर्जुन गुरुङ
अध्यक्ष

२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिब आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई रु. ५००० (पाँच हजार रुपैंया) नबढ्ने गरी मनासिव रकम थप गरिदिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्नेः**

१) यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्नको लागि आवश्यक बालबालिकाले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई तत्काल राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा संञ्चालक समितिले नियम १० को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलब्ध गराउंन सक्नेः**

१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानविय क्षति हुने देखिएमा सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट रु. १०,०००/- (रु. दश हजार मात्र) नबढ्ने गरी मनासिव पीडित बालबालिकालाई उपलब्ध गराउन सक्नेछ ।

२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट बालबालिकालाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्नेः**

१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाई सञ्चालक समितिले थप रकम माग गर्न सक्नेछ ।

२) उपनियम (१) वमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. छुट्टै खाता खोल्नु पर्नेः**

१) गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

२) उपनियम (१) वमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।



अर्जुन गुरुङ
अध्यक्ष

**१५. कोषको लेखा र लेखापरीक्षणः**

१) कोषको आय व्ययको लेखा प्रचलित कानुन वमोजिम राखिनेछ ।

२) कोषको अन्तिम लेखापरिक्षण महालेखापरीक्षकबाट हुनेछ ।

१६. **आवर्ति (रिभँल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहने छ । कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१७. **प्रतिवेदन पेश गर्नेः**

१) सञ्चालक समितिले प्रत्येक चौमासिकमा सो समितिबाट भए गरेका काम र कारवाहीको प्रतिवेदन कार्यपालिकालाई बुझाउनु पर्नेछ ।

२) कार्यालयले बार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

१८. **निर्देशन दिन सक्नेः** कार्यपालिकाले सञ्चालक समितिको काम र कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **वाधा अड्काउ फुकाउने व्यवस्थाः** यस कार्यविधि कार्यान्वयन सम्बन्धी कुनै वाधा दुविधा परेमा सोको व्याख्या गर्ने र वाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकाको रहनेछ ।

२०. **संशोधन सम्बन्धी व्यवस्थाः** यस कार्यविधि संशोधन गर्ने अधिकार कोष सञ्चालक समितिको सिफारिसमा गाउँ कार्यपालिकामा निहित रहनेछ ।

२१. **प्रचलित कानून वमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२२. **कोष खारेजः**

१) कुनै कारण वश कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा गाउँ कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय गाउँ कार्यपालिकाको बैठकबाट हुनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner